# रणनीति २०३०

## समृद्ध
## समावेशी
## उत्थानशील
## दिगो

एसिया तथा प्रशान्त क्षेत्र

# एडीबीका लागि नयाँ रणनीति किन आवश्यक छ ?

एसिया तथा प्रशान्त क्षेत्रले विगत ५० वर्षमा गरिबी न्यूनीकरण र आर्थिक वृद्धिमा ठूलो फड्का मारेको छ । तथापि नटुङ्गिएका विकासका कार्यसूचीहरू पनि छन् । रणनीति २०३० ले यस क्षेत्रका परिवर्तित आवश्यकताहरूलाई सम्बोधन गर्न सन् २०३० सम्मका लागि एडीबीको कार्यप्रणाली तय गर्दछ ।

## बदलिँदो परिदृश्य

### आर्थिक शक्तिको केन्द्र परिवर्तत हुँदै







हालैका दशकहरूमा एसिया तथा प्रशान्त क्षेत्र तीव्र विकास गर्ने क्षेत्र बनेको छ ।

### विशाल पूर्वाधार आवश्यकता

**१.७ खर्ब अमेरिकी डलर प्रति वर्ष**



यस क्षेत्रमा सन् २०१६ देखि सन् २०३० बीचको पूर्वाधारको आवश्यकता पूर्ति गर्न प्रति वर्ष १.७ खर्ब अमेरिकी डलर चाहिन्छ ।

### गरिबी र असमानताको अवस्था



यस क्षेत्रमा **३ जनामा १ जना मानिस** दैनिक ३.२० अमेरिकी डलरभन्दा कममा गुजारा गर्दछन्

... र तिनको सङ्ख्या **१ अर्ब २४ करोड** रहेको छ ।

### द्रुत सहरीकरण

एसिया तथा प्रशान्त क्षेत्रमा सहरी जनसङ्ख्याको हिस्सा बढ्दै गएको छ ।




### प्रविधिगत प्रगति

उत्पादकत्व त बढाउँछ तर भावी रोजगारीमा पनि असर पार्दछ ।



### युवा तथा वृद्ध जनसङ्ख्या

केही देशहरूमा वृद्ध जनसङ्ख्या वृद्धि तीव्र छ : यस क्षेत्रमा वृद्ध जनसङ्ख्याको हिस्सा बढ्ने अनुमान गरिएको छ ।

**८%** सन् १९५०

बाट

**१८%** सन् २०५०



अन्य देशहरूमा युवा जनसङ्ख्या रहेको छ र यसले चुनौती र अवसर दुवै निम्त्याउँछ ।

**३० वर्षमुनिका जनसङ्ख्याको ५४%**



एसिया तथा प्रशान्तक्षेत्रमा बसोबास गर्दछन् ।

### जलवायु परिवर्तन, वातावरणीय तनाव र प्राकृतिक विपद्



विश्वमा विपद् जोखिम ज्यादै उच्च रहेका **१० देशहरू मध्ये ७ वटा** एडीबीका विकासशील सदस्य राष्ट्र रहेका छन् ।

(बङ्गलादेश, कम्बोडिया, फिलिपिन्स, सोलोमन आइसल्यान्ड, पूर्वी टिमोर, टोङ्गा र भानुआटु)

## एडीबीको सन् २०३० को परिकल्पना के हो ?

चरम गरिबी अन्त्य गर्न आफ्ना प्रयत्नहरूलाई दिगो बनाउँदै एसिया तथा प्रशान्त क्षेत्रलाई समृद्ध, उत्थानशील र समावेशी बनाउने एसियाली विकास बैंक एडीबीको परिकल्पना हो ।

---

**समृद्ध**
**समावेशी**
**उत्थानशील**
**दिगो**
एसिया तथा प्रशान्त क्षेत्र

---

एडीबीले यस क्षेत्रका अति गरिब तथा ज्यादै जोखिममा रहेका देशहरूलाई प्राथमिकता दिने कार्यलाई निरन्तरता दिनेछ ।

**एडीबीले मुख्य प्राथमिकता क्षेत्रका रूपमा पूर्वाधारमा ध्यान केन्द्रित गर्ने कुरालाई निरन्तरता दिनेछ र शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा जस्ता क्षेत्रमा सहयोग विस्तार गर्नेछ ।**

## एडीबीले स्तरोन्नति कसरी गर्नेछ ?

एडीबीले निम्न विषयमार्फत स्तरोन्नति गर्दछ :

**लगानी**
आफ्नै स्रोतबाट र अन्य स्रोतको कोष परिचालन गर्दै लगानी गरेर

**ज्ञान**
स्थानीय अवस्थासँग मिल्ने, सिकाइका पाठको पहिचान गरिएका र असल अभ्यासहरूलाई निरन्तरता दिने व्यावहारिक मूल्य मान्यतामा केन्द्रित भएर

**साझेदारी**
विभिन्न किसिमका साझेदार र सरोकारवालाहरूबीच संवाद र सहकार्यलाई प्रवर्द्धन गरेर

# एडीबीको सहयोगमा के-के सिद्धान्तहरूले मार्ग निर्देश गर्दछन् ?

### देशकेन्द्रित पद्धतिको अवलम्बन

हरेक विकासशील सदस्य राष्ट्रका विशेष विकास आवश्यकता र चुनौतीहरू अनुरूप समाधानका उपायहरू उपलब्ध गराउने

### नवीनतम प्रविधिको उपयोग प्रवर्द्धन

सहयोगमा आधुनिक प्रविधिको प्रयोग गर्न र विकासशील सदस्य राष्ट्रहरूको क्षमता विकास सहायता उपलब्ध गराउन अग्रसक्रिय रूपमा उपायहरूको खोजी गर्ने

### एकीकृत समाधान

विभिन्न क्षेत्र र विषयको विज्ञता संयोजन गरेर तथा सरकारी र निजी क्षेत्रका आयोजना सञ्चालन मार्फत

---

# विभिन्न किसिमका ग्राहकका आवश्यकतालाई एडीबीले कसरी सम्बोधन गर्नेछ ?

एडीबीले निम्न राष्ट्रहरूका लागि बेग्लाबेग्लै पद्धतिको अवलम्बन गर्नेछ :



### कमजोर र द्वन्द्व प्रभावित अवस्थाका

- संस्थागत विकास र शासनमा सुधार
- अत्यावश्यक पूर्वाधार र सामाजिक सेवा
- लक्षित सामाजिक सहायता
- उत्थानशीलता प्रवर्द्धन, द्वन्द्वको कारक समस्याको सम्बोधन र मेलमिलाप तथा पुनर्निर्माणको प्रवर्द्धनका प्रयत्नहरू



### साना द्विपका विकासशील राष्ट्रहरू

- जलवायु परिवर्तन अनुकूलन, वातावरणीय दिगोपना र विपद् जोखिम व्यवस्थापन
- सम्पर्क सञ्जाल र पहुँच
- संस्थागत सुदृढीकरण
- व्यावसायिक वातावरण सुधार तथा निजी क्षेत्र उन्मुख वृद्धिलाई प्रवर्द्धन



### न्यून तथा निम्न-मध्यम आय भएका देशहरू

- हरित र समावेशी पूर्वाधार
- सामाजिक सेवा र सामाजिक सुरक्षा
- दिगो सहरीकरण
- संरचनागत रूपान्तरण र सार्वजनिक क्षेत्र सुधार
- निजी क्षेत्र विकास र आन्तरिक स्रोत परिचालन



### उच्च-मध्यम आय भएका देशहरू

- पुँजी बजारमा पहुँच
- संस्थागत सुदृढीकरण र उदाहरणीय आयोजनाहरूको तर्जुमा
- निजी क्षेत्रमा आयोजना सञ्चालन
- क्षेत्रीय सार्वजनिक वस्तु (regional public goods), जलवायु परिवर्तन, सहरीकरण, क्षेत्रीय सहयोग र एकीकरण तथा वृद्ध जनसङ्ख्या

**एडीबीले यी समूहगत देशहरूमा पिछडिएको र गरिबीयुक्त क्षेत्र तथा संवेदनशीलताका लागि प्राथमिकता निर्धारण गर्नेछ ।**

# कुनकुन क्षेत्रहरूमा एडीबीको सहायता केन्द्रित हुनेछ ?

एडीबी निम्न सात वटा प्राथमिकता क्षेत्रहरूमा केन्द्रित हुनेछ :

### विद्यमान गरिबी र असमानता घटाउने

मानव विकास र सामाजिक समावेशीकरण, गुणस्तरीय रोजगारी, शिक्षा र तालिम, राम्रो स्वास्थ्य, सामाजिक सुरक्षा

### जलवायु परिवर्तनको सामना, जलवायु र विपद् उत्थानशील निर्माण तथा वातावरणीय दिगोपनाको प्रवर्द्धन

न्यून हरितगृह ग्यास उत्सर्जन विकास (low greenhouse gas emissions development), जलवायु र विपद् व्यवस्थापन विकास पद्धति, वातावरणीय दिगोपना, जल-खाद्यान्न-ऊर्जा सुरक्षा सम्बन्ध

### ग्रामीण विकास र खाद्य सुरक्षा प्रवर्द्धन

बजारसँगको सम्पर्क तथा कृषि मूल्य शृङ्खलाको सम्बन्ध स्थापना, कृषि उत्पादकत्व र खाद्य सुरक्षा, सुरक्षित खाद्य पदार्थ

### क्षेत्रीय सहयोग र एकीकरण प्रवर्द्धन

अन्तरसम्पर्क सञ्जाल तथा प्रतिस्पर्धीपना, क्षेत्रीय सार्वजनिक वस्तु, लगानीका क्षेत्रमा सहयोग, उपक्षेत्रीय प्रयत्नहरू

### लैङ्गिक समानताको प्रगति तीव्र बनाउने

लैङ्गिक समानताका लागि सहयोग अभिवृद्धि; महिलाको आर्थिक सशक्तीकरण; मानव विकास, निर्णय प्रक्रिया र नेतृत्व विकासमा लैङ्गिक समानता; महिलाको समय-गरिबी (भुक्तानी नपाउने काममा व्यतित हुने समय) न्यूनीकरण; महिलामा आइपर्ने आघातको सामना गर्न उनीहरूको सबलीकरण

### सहरलाई थप बस्न लायक बनाउने

एकीकृत सुविधा, नगरहरूमा लगानी, समावेशी र सहभागितामूलक नगर योजना, जलवायु उत्थानशीलता तथा विपद् व्यवस्थापन

### सुशासन र संस्थागत क्षमता सुदृढीकरण

सार्वजनिक व्यवस्थापन क्षेत्र सुधार र वित्तीय दिगोपना, सेवा प्रवाह, क्षमता तथा गुणस्तर

## केही लक्ष्यहरू ...

एडीबीको सहयोगमा सञ्चालनका लागि स्वीकृत **कम्तीमा ७५%** आयोजनाहरू (औसत त्रिवर्षीय क्रमागत, सरकार र निजी क्षेत्र दुवैद्वारा सञ्चालन भएका) ले सन् २०३० सम्ममा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्नेछन् ।

एडीबीको सहयोगमा सञ्चालनका लागि स्वीकृत **कम्तीमा ७५%** आयोजनाहरू (औसत त्रिवर्षीय क्रमागत, सरकार र निजी क्षेत्र दुवैद्वारा सञ्चालन भएका) ले सन् २०३० सम्ममा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा सहयोग गर्नेछन् । जलवायु परिवर्तनको क्षेत्रमा सन् **२०१९-२०३० को अवधिका लागि** एडीबीको आफ्नै स्रोतबाट **लगानी ८० अर्ब अमेरिकी डलर** पुग्नेछ ।

यसका अतिरिक्त एडीबीले निम्न विषयमा ध्यान केन्द्रित गर्नेछ :

## निजी क्षेत्रमा लगानी विस्तार

- निजी क्षेत्रमा लगानीको मुख्य उद्देश्य विकासमा प्रभावलाई लिइएको
- नाफा र व्यावसायिक दिगोपनालाई सुनिश्चत गर्ने
- नयाँ र उन्नत बजार विस्तार र विविधीकरण गर्ने

## लगानीका स्रोतको उत्प्रेरणा र परिचालन

- बहुपक्षीय, द्विपक्षीय र निजी क्षेत्रका साझेदारहरूसँग सहकार्यको सुदृढीकरण गर्ने
- व्यावसायिक र सहुलियतपूर्ण स्रोतहरूबाट लगानीको खोजी गर्ने
- सार्वजनिक र निजी क्षेत्रको साझेदारीको उपयोग गर्ने, विकासशील सदस्य राष्ट्रहरूमा व्यावसायिक वातावरणमा सुधार गर्ने र विकासशील सदस्य राष्ट्रहरूको आन्तरिक स्रोत परिचालन प्रवर्द्धन गर्ने

## ज्ञानको सेवा सुदृढीकरण

- एडीबीको भूमिकालाई ज्ञान प्रदायकका रूपमा सुदृढ गर्ने
- ज्यादै सान्दर्भिक ज्ञानका वस्तु तथा सेवा उत्पादन गर्न विकासशील सदस्य राष्ट्रहरूसँग निकटमा रहेर काम गर्ने
- अनुसन्धान कार्यमा अग्रसक्रिय रूपमा लाग्ने, उच्च गुणस्तरको नीतिगत परामर्श प्रदान गर्ने र विकासशील सदस्य राष्ट्रहरूको संस्थागत क्षमता सुदृढीकरण गर्ने
- ज्ञानको सिर्जनालाई प्रवर्द्धन गर्ने र सम्बन्धित संस्था र क्षेत्रमा वितरण गर्ने

**केही लक्ष्यहरू ...**

**सन् २०२४ सम्ममा** एडीबीको निजी क्षेत्रमा लगानी **सङ्ख्यागत आधारमा एडीबीका आयोजना सञ्चालनको एक तिहाई** पुग्नेछ ।

# एडीबी कसरी सबल, अझ राम्रो र छिटो काम गर्ने संस्था बन्नेछ ?

सबल, अझ राम्रो र छिटो काम गर्ने बन्न एडीबीले निम्न काम गर्नेछ :

- स्रोतको बलियो आधारको सुनिश्चितता
- मानव स्रोत प्रवर्द्धन
- आवासीय नियोगहरू मार्फत सदस्य राष्ट्रहरूमा सबल उपस्थिति
- एडीबीका उत्पादन र संयन्त्रहरूमा सुधार
- व्यावसायिक प्रक्रियामा आधुनिकीकरण र आयोजना सञ्चालनको कार्यक्षमतामा सुधार
- डिजिटल रूपान्तरणको प्रवर्द्धन
- समयमा नै उपलब्धि हासिल गर्ने र खरिदमा पैसाको मूल्य (value-for-money) हासिल गर्ने
- सम्बन्धित सदस्य राष्ट्को पद्धतिको उपयोग बढाउने
- नागरिक समाज संस्थाहरूसँग सहकार्य सुदृढ गर्ने

## रणनीति २०३० को कार्यान्वयन

**रणनीति २०३० लाई कार्यान्वयनमा ल्याउन एडीबीले निम्न काम गर्नेछ :**

- सात वटा प्राथमिकता क्षेत्रका लागि कार्य सञ्चालन योजना तर्जुमा
- सम्बन्धित देशको तहमा प्राथमिकताका क्षेत्रहरूलाई थप परिमार्जन गर्न राष्ट्रिय साझेदारी रणनीतिको उपयोग
- कार्य योजना र बजेट तर्जुमा प्रक्रियाको सुदृढीकरण तथा आयोजना सञ्चालनका प्राथमिकताहरूलाई वार्षिक कार्ययोजना र स्रोतसँग मिलान गर्ने
- नयाँ संस्थागत नतिजा कार्यढाँचा तर्जुमा
- नतिजा कार्यढाँचाको उपयोग गर्दै संस्थागत कार्य सम्पादनका बारेमा वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने कार्यलाई निरन्तरता दिने

रणनीति २०३० को प्रभावकारी कार्यान्वयन गर्न एडीबीले आफ्नो संगठनभरिनै ज्ञान र विज्ञतालाई एकसाथ अगाडि बढाउँदै “एक एडीबी” को अवधारणालाई संस्थागत गर्नेछ ।

रणनीतिको पूर्ण पाठ डाउनलोड गर्न जानुहोस् : **www.adb.org/strategy2030**

एडीबीले निजी क्षेत्रमा आफूले गर्ने लगानीको हरेक १ अमेरिकी डलरका लागि २.५० अमेरिकी डलर सहलगानीसँग मिलान हुने गरी **सन् २०३० सम्ममा दीर्घकालीन सहलगानी वृद्धि गर्ने लक्ष्य लिनेछ ।**

## रणनीति २०३०
## *एसिया तथा प्रशान्त क्षेत्रलाई समृद्ध, समावेशी, उत्थानशील र दिगो बनाउँदै*

एसिया तथा प्रशान्त क्षेत्रले गरिबी न्यूनीकरण र आर्थिक वृद्धिमा विगत ५० वर्षमा धेरै प्रगति गरेको छ। एसियाली विकास बैंक (एडीबी) यस क्षेत्रको उल्लेख्य रूपान्तरणमा प्रमुख साझेदार रहँदै आएको छ र यस क्षेत्रको अर्को चरणको विकासमा निरन्तर सेवा दिन प्रतिबद्ध छ। रणनीति २०३० ले यस क्षेत्रका परिवर्तित आवश्यकताहरूलाई सम्बोधन गर्न सन् २०३० सम्मका लागि एडीबीको कार्यप्रणाली तय गर्दछ। चरम गरिबी अन्त्य गर्ने आफ्नो प्रयत्नलाई दिगो बनाउँदै रणनीति २०३० अन्तर्गत एडीबीले समुन्नत, समावेशी, उत्थानशील र दिगो एसिया तथा प्रशान्त क्षेत्र हासिल गर्ने परिकल्पनालाई विस्तार गर्नेछ।

## एसियाली विकास बैंकका बारेमा

एसियाली विकास बैंक चरम गरिबीलाई अन्त्य गर्ने आफ्नो प्रयत्नलाई दिगो बनाउँदै समृद्ध, समावेशी, उत्थानशील र दिगो एसिया तथा प्रशान्त क्षेत्रलाई बनाउन प्रतिबद्ध छ। सन् १९६६ मा स्थापना भएको एडीबी ६७ सदस्य राष्ट्रहरूको स्वामित्व भएको बहुपक्षीय विकास बैंक हो। यसमा ४८ सदस्य राष्ट्र एसिया-प्रशान्त क्षेत्रका छन्। एडीबीले नीतिगत संवाद, ऋण, सेयर लगानी, सुरक्षण, अनुदान र प्राविधिक सहायताका माध्यमबाट विकासोन्मुख सदस्य राष्ट्रहरूलाई मद्दत गर्दछ।

©२०१८ एसियाली विकास बैंक
सर्वाधिकार सुरक्षित
http://www.adb.org/publications/corrigenda
Publication Stock No. ARM189490-3

www.adb.org